"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७७/७८
चलानी नं. : ६६३

मिति : २०७७।०८।१४

विषय : विद्यालय सञ्चालन सम्वन्धमा ।

श्री सबै सामुदयिक तथा संस्थागत विद्यालयहरु
नमोबुद्ध नगरपालिका
भकुण्डेबेशी काभ्रे ।

प्रस्तुत विषयमा नगर कार्यपालिकाको मिति २०७७।८।१२ गतेको निर्णयानुसार विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा, २०७७ र विद्यालय सञ्चालन तथा सिकाइ सहजिकरण कार्यविधि, २०७७ अनुसार तपसिल बमोजिम प्रकृया पुरागरी निम्नानुसार विद्यालय सञ्चालन गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिल

क) विद्यालयको परिसर पूर्ण रुपमा सरसफाई गर्ने ।

ख) अभिभावक भेला गराई सो भेलामा कोभिड १९ को बारेमा जानकारी, अपनाउनु पर्ने सावधानीहरु , असरहरु, बालबालिकालाई विद्यालय पठाउँदा अपनाउनु पर्ने सावधानीहरु र कक्षामा गरिने सिकाइ विधि, कक्षामा रहने विद्यार्थी संख्या र स्वास्थ्य सावधानीका बारेमा स्पष्ट पार्ने ।

घ) शिक्षकले पाठ्यबस्तु समायोजन ढाँचा २०७७ अनुसारको शिक्षण नोट र वर्कसिट निर्माण गर्ने

ङ) विद्यालयमा एक अर्काको सामान कापी पुस्तक लगायतका कुराहरु एक अर्कले प्रयोग नगर्ने व्यबस्था मिलाउने।

च) बालबालिका शिक्षक तथा अभिभावक शंकास्पद रुपमा विरामी भए विद्यालयमा प्रवेश नगराई स्वास्थ्य सजगता अपनाई घरमानै बस्ने व्यवस्था मिलाउने ।

छ) यदि कोभिडका लक्षणहरु देखा परे सम्वन्धित विद्यालय मार्फत आवश्यक परीक्षणका लागि नजिकको स्वास्थ्य चौकी वा नगरमा जानकारी गराउने

ज) बालबालिकालाई न्यानो कपडा प्रयोग गर्न लगाउने ।

झ) स्वस्थ रहने सबै उपायहरु अवलम्वन गर्ने गराउने ।

ञ) विद्यालय सञ्चालन तथा सहजीकरण कार्यविधि २०७७, विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा २०७७ र विद्यार्थी सहजिकरण निर्देशिका एबम् स्वास्थ्य सम्वन्धी मापदण्डहरुलाई अधिकतम पालना गर्ने व्यवस्था मिलाउने।

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत